NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
COOP

च.नं. २२१/०७९/०८०

श्री सम्पूर्ण सदस्य संघहरू

मितिः २०७९/०८/२५

**विषयः ३० औं वार्षिक साधारण सभामा उपस्थित भईदिनहुन ।**

यस महासंघको मिति २०७९ मंसिर १५ गते बसेको २०२ औं संचालक समितिको वैठकको निर्णयानुसार ३० औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित प्रस्तावहरु उपर छलफल गर्नको लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा राष्ट्रिय प्रतिनिधि मनोनयन गरी साधारण सभामा भाग लिन पठाईदिन हुन अनुरोध गर्दछु ।

**छलफलका प्रस्तावहरू**

१) संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२) लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
३) लेखा परिक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तसम्मको वासलात, सोही मितिको आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने ।
४) आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।
५) आ.व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
६) विभिन्न कोषका रकम जगेडा कोषमा सार्ने ।
७) आन्तरिक कार्यविधिहरू संशोधन तथा पारित गर्ने ।
८) साधारण सभाको निर्णयहरू प्रमाणित गर्ने प्रतिनिधिहरू चयन गर्ने ।
९) विविध ।

मिति : २०७९ पौष २७ गते बुधवार
समय : विहान ०८:०० बजेदेखि
स्थान : बानेश्वर, ब्याङ्क्वेट
थापागाउँ, नयाँवानेश्वर, काठमाडौं

साथै, महासंघको स्वीकृत विनियम २०५० (संशोधन सहित) को दफा १२ (१) अनुसार प्रत्येक सदस्यले सदस्यता शुल्क वापत वार्षिक रूपमा रू ५,०००/- बुझाउनुपर्ने र कारोवारको आधारमा रू. १ करोडदेखि १० करोडसम्म कूल पूँजी भएका सदस्यको हकमा रू. ८ हजार, रू. १० करोडदेखि ५० करोडसम्म कूल पूँजी भएका सदस्यको हकमा रू. ४० हजार, रू. ५० करोडदेखि १ अर्वसम्म कूल पूँजी भएका सदस्यको हकमा रू. ७५ हजार, रु. १ अर्वदेखि २० अर्वसम्म कूल पूँजी भएका सदस्यको हकमा रू. ३ लाख ५० हजार र रू. २० अर्व भन्दामाथि जतिसुकै कूल पूँजी भएपनि रु. ५ लाख थप शुल्क बुझाउनु पर्ने भएको हुँदा दफा १२ (२) वमोजिम वार्षिक लेखापरिक्षण प्रतिवेदन सहित तोकिएको वार्षिक सदस्यता शुल्क बुझाउन बाँकी भए अविलम्ब बुझाउनु हुन अनुरोध गर्दछु ।

सोहि विनियमको दफा १८ (ख) अनुसार सदस्य संघ/बैंकले सदस्य संख्याको आधारमा राष्ट्रिय प्रतिनिधि तोकि पठाउनुपर्ने भएकोले त्यस संघ/बैंकको यसै साथ संलग्न फारममा उल्लेखित विवरण अनुसार राष्ट्रिय प्रतिनिधि मनोनयन गरी पूर्ण रूपमा फारम भरेर २०७९ पौष २० गतेभित्र इमेल agmncf@gmail.com मार्फत महासंघमा पठाउनु हुन अनुरोध गर्दछु । साथै, उक्त राष्ट्रिय प्रतिनिधि विवरण फारम महासंघको वेवसाईट www.ncfnepal.com.np बाट समेत डाउनलोड गर्न सकिने व्यहोरा अनुरोध गर्दछु ।

निरन्तर सहयोग र सक्रिय सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

निर्देशानुसार,

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np